# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २९. अकं ७, असोज/कार्तिक २०८०

October/November 2023


## आन्तरिक राजश्व कार्यालयद्वारा संघ सम्मानित



राष्ट्रिय कर दिवस एवम् कर सप्ताह २०८० को अवसरमा आन्तरिक राजस्व कार्यलय भरतपुरद्वारा उद्योग वाणिज्य संघ चितवन सम्मानित भएको छ। बाह्रौं राष्ट्रिय कर दिवसको समापन कार्यक्रममा मंसीर ७ गते आन्तरिक राजश्व कार्यालय भरतपुरले कार्यालयको परिसरमा आयोजना गरेको समापन समारोहमा संघ सम्मानित भएको हो । संघका अध्यक्ष चुननारायण श्रेष्ठले

बाँकी ३ नं. पेजमा...

## घरबहाल कर घरबेटीसँग लिन संघको दवाव

उद्योग वाणिज्य संघ-चितवनले घरबहाल करका सम्बन्धमा मिति २०८० मंसिर १२ गते एक विज्ञप्ती जारी गर्दै आर्थिक मन्दी, मूल्यवृद्धि तथा बैंक व्याजका कारण उद्यमी व्यवसायी चरम आर्थिक मारमा परिरहेको र आफ्नो उद्योग व्यवसाय सञ्चालन गर्ने सन्दर्भमा उद्यमी व्यवसायीहरूले नेपाल सरकारका विभिन्न निकायमा कर तथा राजश्व भुक्तानी गर्दै आइरहेकाछन्।पछिल्लोसमयमाघरवाजगाभाडामालिएरव्यवसाय गर्दै आएका व्यवसायीले स्वयं घर वा जग्गा बहाल कर तिर्न परेको भनी गुनासो उद्योग वाणिज्य संघ-चितवनमा आईरहेको ले संघले घरबहाल कर घरधनीलाई तिर्न अपिल गरेको थियो र मंसिर १३ गते उद्योग वाणिज्य संघ वस्तुगत समन्वय समितिका संयोजक तथा तृतीय उपाध्यक्ष सिरिष पन्तको नेतृत्वमा संघमा आवद्ध २१ वटा वस्तुगत संघका अध्यक्ष, पदाधिकारी तथा प्रतिनिधिहरूले आज बिहीबार भरतपुर महानगरपालिका राजश्व परामर्श समितिका संयोजक तथा उपप्रमुख चित्रसेन अधिकारीलाई भेटेर घरबहाल कर घरबेटीसँग लिन दवाव दिनुभएको थियो । महानगरपालिकाले व्यवसायीलाई व्यवसाय कर तिर्न जाँदा


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोनः ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरूको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रूपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

### प्रकाशन समिति

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरु:**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत

घरबहाल करसमेत माग्न थालेपछि व्यवसायीहरूले त्यसको विरोध गरेका हुन् । आम्दानी गर्नेले नै कर तिर्नुपर्ने विश्वव्यापी मान्यता रहेको भन्दै संघका तृतीय उपाध्यक्ष पन्तले महानगरले घरबहाल कर व्यवसायीसँग लिन नहुने बताउनु भएको थियो । उहाँले घरबेटीले नै घरवहाल कर तिर्नुपर्ने भन्दै आर्थिक संकटको चपेटामा परेका व्यवसायीलाई थप मार पार्न नहुने बताउनुभएको थियो । छलफलमा महानगरपालिका राजश्व महाशाखाका कर्मचारीहरूकोसमेत उपस्थिती रहेको थियो । महानगर उपप्रमुख चित्रसेन अधिकारीले व्यवसायीहरूले उठाएका विषय जायज भएको भन्दै आगामी सोमबारसम्म यस बारेमा महानगरपालिकाले आफ्नो धारणा स्पष्ट गरेर उत्पन्न समस्याको समाधान गर्ने बताउनुभएको थियो ।

**उद्योग वाणिज्य संघ-चितवन**
Chamber of Commerce & Industry-Chitwan
Quality Management System ISO 9001 : 2015 Certified Organisation

Bharatpur Metropolitan City, Ward No. 1
Narayani Marga-297, Narayangarh, Chitwan
T : 056-596108, 596208, 596308
www.ccichitwan.org.np
info@ccichitwan.org.np, ccicchitwan@gmail.com

मिति : २०८०/०८/१२

**हार्दिक अपिल**

उद्योग वाणिज्य संघ-चितवनले चितवन जिल्लाका उद्यमी व्यवसायीहरुको हक, हितको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै जिल्लाको समग्र विकास लगायत राष्ट्रको आर्थिक उन्नतिमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ । यस क्षेत्रका उद्यमी व्यवसायीहरुको आवाजलाई बुलन्द बनाउदै जिल्लाको आर्थिक सामाजिक एवं शैक्षिक विकासका लागि संघले आफ्नो क्षमताले भ्याएसम्म तथा सम्बन्धित निकायहरु संगको पहल कदमी एवं पैरवी गर्दै आफ्नो गतिविधिहरुलाई निरन्तर रुममा सञ्चालन गर्दै आइरहेको सबैलाई विदितै छ ।

आर्थिक मन्दी , मूल्य वृद्धि तथा बैंक ब्याजका कारण उद्यमी व्यवसायी चरम आर्थिक मारमा परिरहेको व्यहोरा सबैमा विदिती छ । आफ्नो उद्यम व्यवसाय सञ्चालन गर्ने सन्दर्भमा उद्यमी व्यवसायीहरुले नेपाल सरकारका विभिन्न निकायमा कर तथा राजश्व भुक्तानी गर्दै आइरहेकाछन् । पछिल्लो समयमा घर वा जग्गा भाडामा लिएर व्यवसाय गर्दै आएका व्यवसायीलेनै स्वयं घर वा जग्गा बहाल कर तिर्न परेको भनी गुनासो उद्योग वाणिज्य संघ-चितवनमा आईरहेकोप्रति उद्योग वाणिज्य संघ-चितवनको ध्यानाकर्षण भएको छ । आम्दानी गर्नेले कर तिर्नुपर्ने करको सर्वमान्य सिद्धान्त रहेको समेत स्मरण गराउदै घर तथा जग्गाको बहालकर घर वा जग्गा धनीलेनै भुक्तानि गर्नुहुनको लागि सम्बन्धित सबैमा उद्योग वाणिज्य संघ-चितवन हार्दिक अपिल गर्दछ ।

भवदीय,

निलबहादुर केसी
कार्यकारी निर्देशक

qualityaustria central asia

STOP Child Labour

बाँकी...

सम्मान-पत्र ग्रहण गर्दै उक्त सम्मानको हकदार चितवनका सम्पूर्ण उद्यमी व्यवसायी रहेको बताउँदै कर कार्यालयप्रति आभार व्यक्त गर्नुभएको थियो । आन्तरिक राजश्व कार्यालयका प्रमुख निरन भट्टराईले दोसल्ला र सम्मान-पत्रले सम्मान गर्नुभएको थियो । चितवनलाई करदाता शिक्षा कार्यक्रम, कर छुटका सुविधा उपयोगका लागि प्रचार-प्रसार लगायत आर्थिक विकास र कर परिचालनका क्षेत्रमा समन्वय र सहकार्य गरी अमूल्य योगदान पुऱ्याएकोमा सम्मान गरेको हो । कर सप्ताहको अवसरमा आयोजित मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगितामा समेत संघले सहभागिता जनाएको थियो ।

# वस्तुगत विशेष

## अधिकत व्यवसायी संघ चितवनले गऱ्यो भूकम्प पीडितलाई राहत वितरण

अधिकृत व्यवसायी संघ चितवनले मिति २०८० कार्तिक १९ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी रु. ५१,०००।- (अक्षेरपी एकाउन्न हजार मात्र ) राहत रकम हस्तान्तरण गरेको थियो । २०८० कार्तिक १७ गते शुक्रबार राती ११:४७ बजे जाजरकोट र रुकुम पश्चिममा गएको विनासकारी भूकम्पका कारण भएको ठुलो जनधनको क्षतिप्रति अधिकृत व्यावसायी संघ चितवनले दुःख प्रकट गरेको थियो । संकटको दुःखद घडीमा भूकम्प प्रभावित जनताहरूको सहयोगको लागि राहत रकम उपलब्ध गराइएको थियो । राहत रकम नेपाल वितरक महासंघका उपाध्यक्ष दुर्गाप्रसाद गौतमलाई हस्तान्तरण गरेको अधिकृत व्यवसायी संघका अध्यक्ष नारायण प्रधानले जानकारी गराउनुभएको थियो । चेक हस्तान्तरण कार्यक्रममा अधिकृत व्यवसायी संघका निवर्तमान अध्यक्ष रविकुमार श्रेष्ठ, उपाध्यक्ष रामजी घिमिरे, महासचिव मनोज रौनियार र कार्यसमिति सदस्य उद्धव अधिकारीको सहभागिता रहेको थियो ।





# अधिकृत व्यवसायी संघद्वारा ह्विलचेयर वितरण

अधिकृत व्यवसायी संघ चितवनको सचिवालयमा आज एक कार्यक्रमको आयोजना गरी व्हीलचेयर हस्तान्तरण गरेको छ । व्हिलचेयर हस्तान्तरण गर्दै अधिकृत व्यवसायी संघका अध्यक्ष नारायण प्रधानले संघले व्यवसायमुखी काममा मात्र सिमित नभई सेवामुखी कार्य गर्न समेत अधिकृत व्यवसायी संघ सधैं सक्रिय भएर लाग्ने बताउनुभएको थियो । कार्यक्रममा व्हिलचेयर लिँदै भरतपुर महानगरपालिका वडा नं २ की धनमायाँ भुजेलले लामो समयदेखि अर्काले बोकेर हिँड्डुल गराउनुपर्ने भएकाले समस्या भएको र अब व्हिलचेयर सहयोग प्राप्त भएकोले समस्या समाधान हुने भन्दै खुसी व्यक्त गरिन् ।

अधिकृत व्यवसायी संघ चितवनका उपाध्यक्ष रामजी घिमिरेको संयोजनमा भएको व्हीलचेयर हस्तान्तरण कार्यक्रममा नेपाल वितरक महासंघका उपाध्यक्ष एवं अधिकृत व्यवसायी संघ-चितवनका पूर्व अध्यक्ष दुर्गाप्रसाद गौतम, अधिकृत व्यवसायी संघका निवर्तमान अध्यक्ष रविकुमार श्रेष्ठ, पूर्व अध्यक्ष प्रद्युन्न सापकोटा, जीवनाथ पौडेल, महासचिव मनोज रौनियार, कार्यसमिति सदस्य उद्धव अधिकारी, मनोज न्यौपाने, निर्मल ढकाल, नितेश महेश्वरी, निरेशकुमार सिंह र धनमायाँ भुजेलकी श्रीमान्को सहभागिता रहेको थियो ।







## चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि.
CHAMBER MULTIPURPOSE COOPERATIVE SOCIETY LTD.

### हाम्रा सेवाहरु

| बचत सेवा | कर्जा सेवा | अन्य सेवाहरु |
|---|---|---|
| मासिक/अनिवार्य बचत | व्यावसायिक कर्जा | रकम संकलनमा घरदैलो सुविधा । |
| साधारण बचत | विविध कर्जा | रकम झिक्न राख्नको लागी सहज । |
| विशेष बचत (मुद्धती) | शैक्षिक कर्जा | आकर्षक ब्याजदर । |
| जेष्ठ नागरीक बचत | कृषी कर्जा | विश्वसनीय सहकारी संस्था । |
| बाल बचत | औद्योगिक कर्जा | उ.वा.संघ-चितवनमा दर्ता भए पश्चात मात्र सदस्यता लिन पाइने । |


- रु.५०,०००।-(५०० कित्ता) को शेयर खरिद गर्न सकिने ।
- धितो तथा व्यक्तिगत जमानतमा कर्जा उपलब्ध गराउने व्यवस्था भएको
- कोसेली घरको माध्यमबाट सदस्यलाई अर्गानिक खाद्यवस्तु उपलब्ध गराइरहेको ।
- रकम राख्दा झिक्दा SMS जाने व्यवस्था गरिएको ।

# उद्योग वाणिज्य संघ-चितवनको जरुरी सूचना ।

उद्योग वाणिज्य संघ–चितवनको ५७औं वार्षिक साधारण सभा एवम् अधिवेशन २०८० पौष २१ र २३ गते सम्पन्न गर्न लागिएको व्यहोरा सहर्ष जानकारी गराउँदै यथा सक्य छिटो संघको सदस्यता नविकरण गरी साधारण सभा एवम् अधिवेशनमा सहभागीताका हुनका लागि सम्पुर्ण सदस्य महानुभावहरुमा हार्दिक अपिल गर्दछौ ।

**विस्तृत जानकारीको लागि:**

उद्योग वाणिज्य संघ–चितवनको सचिवालय
भमनपा १, नारायणी मार्ग
फोन ०५६ ५९६१०८,५९६२०८, ५९६३०८
Email: ccicchitwan@gmail.com


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०८० मंसिर १४ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४द्ध०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४२०० |
| ३. साना मंसुली | प्रति क्वि. | ३५०० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ३६०० |
| ५. धान मोटो नया | प्रति क्वि | ३५०० |
| ६. चामल (वार) | प्रति क्वि | ७५०० |
| ७. चामल (सावा) | प्रति क्वि | ७५०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ६५ |
| ९. मकै | प्रति क्वि. | ४००० |
| १०. गहुँ | प्रति क्वि. | ५२०० |
| ११. कोदो | प्रति क्वि. | ६००० |
| १२. फापर | प्रति क्वि. | ११००० |
| १३. चना | प्रति के.जी. | १२० |
| १४. केराउ | प्रति के.जी. | १४० |
| १५. भटमास | प्रति के.जी. | १३० |
| १६. रहर दाल | प्रति के.जी. | २८० |
| १७. मसुरी दाल | प्रति के.जी. | १४० |
| १८. मासको दाल | प्रति के.जी. | २०० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १८० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८५ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ८० |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | ९० |
| घ. क्याटल फिड | प्रति के.जी. | ९५ |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ६० |
| २१. प्याज | प्रति के.जी. | ११५ |
| २२. तोरीको तेल | प्रति १० ली. | १८५० |
| २३. भटमासको टेल | प्रति १० ली. | १८८० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | १८०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | १००० |
| २७. मरिच | प्रति के.जी. | १४५० |
| २८. धनियाँ | प्रति के.जी. | २२० |
| २९. क. सुन | प्रति तोला | ११९१०१ |
| ख. चाँदी | प्रति तोला | १४६९ |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १२००० |
| ख. २६ गेज रंगीन | प्रति वण्डल | १५१०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १०४ |
| ख. ८ मि.मि. | प्रति के.जी | ९७ |
| ख. १० मि.मि. | प्रति के.जी | ९४ |
| ग. १२ मि.मि. | प्रति के.जी | ९४ |
| ३२. सिमेन्ट | प्रति बोरा | ५१० |
| OPC शिवम् | | ६४० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | |
| ख. सर्वोत्तम सिमेन्ट PPC | प्रति बोरा | ५२५ |
| ग. सर्वोत्तम सिमेन्ट OPC | प्रति बोरा | ६२५ |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४२० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | ३०० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८०० |
| घ. लेयर्स कुखुरा जिउदो | प्रति के.जी. | ५०० |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ४३० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | १२०९५ |
| ख. दही | प्रति लि. | १२० |
| ग. पनिर | प्रति के.जी. | ९०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | ११०० |
| च. घ्यू | प्रति के.जी. | १३०० |
| छ. खुवा | प्रति के.जी. | ११०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.....................................................................

.....................................................................

.....................................................................

.....................................................................

.....................................................................

...................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०